**बैठक संख्या : ६९**

आज मिति २०७७/०३/२५ गते विहान ८.० बजे कपिलवस्तु नगरपालिकाको नगर प्रमुख श्री किरण सिंह ज्यूको अध्यक्षतामा र निम्न अनुसारका पदाधिकारीहरुको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बसि देहाय बमोजिमको निर्णय गरियो ।

| क सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किरण सिंह | नगर प्रमुख | |
| २ | श्री लक्ष्मी गुप्ता साव | नगर उपप्रमुख | |
| ३ | श्री सुदिप पौडेल | वडा अध्यक्ष १ | |
| ४ | श्री रामभजन कलवार | वडा अध्यक्ष २ | |
| ५ | श्री रुद्र बहादुर गैरे | वडा अध्यक्ष ३ | |
| ६ | श्री रवेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष ४ | |
| ७ | श्री दिरेप कुमार चौधरी | वडा अध्यक्ष ५ | |
| ८ | श्री रामदिनेश यादव | वडा अध्यक्ष ६ | |
| ९ | श्री धर्मात्मामणि त्रिपाठी | वडा अध्यक्ष ७ | |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष ८ | |
| ११ | श्री शिव बहादुर वाग्ले | वडा अध्यक्ष ९ | |
| १२ | श्री मोहनलाल शर्मा | वडा अध्यक्ष १० | |
| १३ | श्री राम गोपाल यादव | वडा अध्यक्ष ११ | |
| १४ | श्री ओम प्रकाश पाण्डेय | वडा अध्यक्ष १२ | |
| १५ | श्री कौशिल्या गुप्ता | महिला सदस्य | |
| १६ | श्री सबिता धिमिरे | महिला सदस्य | |
| १७ | श्री प्रेमा देवी कोरी | महिला सदस्य | |
| १८ | श्री उर्मिला कोरी | महिला सदस्य | |
| १९ | श्री पुष्पा थारु | महिला सदस्य | |
| २० | श्री इन्सान अलि धुनिया | दलित अल्पसंख्यक | |
| २१ | श्री सिताराम धोवी | दलित अल्पसंख्यक | |
| २२ | श्री रामधनी बढई | दलित अल्पसंख्यक | |
| २३ | श्री हरिप्रसाद ज्ञवाली | नि. प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| २४ | श्री बलराम न्यौपाने | लेखा अधिकृत | |
| २५ | श्री शिवेन्द्र कुमार पासी | सू.प्र.अ. | |
| २६ | श्री विजय राज वाग्ले | अधिकृत | |

## प्रस्तावहरु

१. सातौँ नगर सभामा पेश गर्ने एजेण्डाहरु स्वीकृत सम्बन्धमा ।

२. विविध ।

## निर्णयहरु

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा सातौँनगर सभामा पेश गर्ने एजेण्डाहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

**प्रस्ताव नं. २ माथि छलफल गर्दा देहायबमोजिमको निर्णय गरियो ।**

१. आर्थिक बर्ष २०७७।०७८ का लागि यस कार्यपालिकाको बैठकमा पेश हुनआएको आर्थिक विधेयक, २०७७, विनियोजन विधेयक, २०७७ तथा स्थानीय बातावरण तथा प्राकृतिक स्रोत संरक्षण विधेयक २०७७ लाई स्वीकृत गरी पारित गर्नको लागि कपिलवस्तु नगरपालिकाको सातौँ नगर सभाको दोस्रो बैठकमा पेश गर्ने निर्णय गरियो ।

२. कपिलवस्तु नगरपालिकाको विषयगत समिति तथा एकीकृत बजेट तर्जुमा समितिबाट कार्यपालिकाको बैठकमा पेश हुन आएको आर्थिक वर्ष २०७७।०७८ को कार्यक्रम तथा बजेट सर्वसम्मतबाट पारित गरि सातौँ नगर सभामा पेश गर्ने निर्णय गरियो ।

३. बजेट तथा सिमा निर्धारण समितिको प्रतिवेदन कार्यपालिकाको बैठकमा पेश हुनआएको रु. ८७ लाख बजेट सिलिङ्गको योजना तथा वडा स्तरीय आयोजना र कार्यक्रमहरुमा छुट्टाईएको रकमको सीमा थपघट नहुने गरी कार्यान्वयन गर्न स्वीकृती प्रदान गर्ने तर कुनै आयोजना/कार्यक्रममा छुट्टाईएको रकम बढी हुन गएमा वा उक्त आयोजना/कार्यक्रम संचालन गर्न कठिनाई भई संशोधन गर्नु पर्ने देखिएमा कारण र औचित्य खुलाई वडा समितीबाट सिफारिस भई आएमा स्वीकृती दिन सक्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजनको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

४. यस कपिलवस्तु नगरपालिका कार्यालय जिन्सी शाखाको गत वर्ष लिलामीमा राखिएका मेशिनरी र अन्य सामानहरु कानुनी प्रक्रिया पुराई लिलाम गर्ने र निरीक्षण प्रतिवेदनवाट काम नलाग्ने भनी उल्लेख भएका माल सामानहरु मिन्हा गर्ने निर्णयलाई अनुमोदनका लागि सातौँ नगर सभामा पेश गर्ने निर्णय गरियो ।

५. सातौँ नगर सभाको दोस्रो बैठकमा प्रस्तुत गरिने कार्य सुचीहरु सदस्य सचिवबाट प्रस्तुत गर्ने निर्णय गरियो ।

६. यस नगरपालिकामा कार्यरत सुचना प्रविधि अधिकृत श्री शिवेन्द्र कुमार पासीको २०७७ असार मसान्तमा र रोजगार संयोजक श्री सुरेश बरालीको २०७७ फाल्गुन मसान्तमा सेवा करारको म्याद समाप्त हुने हुदा आ.व. २०७७/०७८ मा पनि सेवा करारको निरन्तरतालाई अनुमोदनको लागि सातौ नगर सभामा पेश गर्ने निर्णय गरियो ।

७. यस कपिलवस्तु नगरपालिकामा आ.व. २०७६।०७७ को आयोजनाहरु कोरोना भाइरस कोभिड-१९ ले गर्दा सम्पन्न हुन नसकेको र उक्त योजनाहरु आ.व. २०७७।०७८ मा सम्पन्न गर्नु पर्ने भएको हुदा र आ.व. २०७७।०७८ मा पनि योजना संख्या धेरै भएकोले कामको चापमा बृद्धि भएको कारण यस कपिलवस्तु नगरपालिकामा कार्यरत प्राविधिक कर्मचारीहरुको सम्बन्धमा निम्न बमोजिम हुन सातौं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

क) ई. सुनिल के.सी. लाई निजले सहरी विकास तथा भवन नक्शा सम्बन्धी काम गरी आएको र सो काम गर्ने अन्य ई. नभएको कारण यस कार्यालयको स्वीकृत दरबन्दी सि.डि.ई पद १ मा हाल सम्म समायोजन भई कुनै कर्मचारी नआएकोले सो काम हालसम्म ई. सुनिल के.सी. ले गरि आएको हुदा निजलाई नै सो कामकाजमा लगाउने ।

ख) हाल रिक्त रहेको स्वीकृत दरबन्दीको सब ई. पद संख्या २ मा अर्को व्यवस्था भएमा वा स्थायी कर्मचारी हाजिर भएमा स्वत नरहने गरि हाल यस नगरपालिकामा कार्यरत सब ई. श्री अब्दुल कलाम शेष र श्री शिरिष श्रीवास्तवलाई कामकाजमा लगाउने निर्णय गरियो ।

ग) हाल ई. पदमा कार्यरत सत्यम बर्मालाई कन्टेन्जेसीबाट तलब भत्ता भुक्तानी हुने गरि कामकाजमा खटाउने निर्णय गरियो ।

८. कपिलवस्तु नगरपालिकाको जनप्रतिनिधिहरुको सेवा सुविधाको हकमा प्रदेश सरकारले पारित गरेको **'स्थानीय तहको पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ मा** उल्लेख भए बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सातौं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

९. सडक बोर्ड नेपालबाट स्वीकृत कार्यक्रमहरुको म्याद २०७७ कार्तिक मसान्त सम्म थप भएको साथै ठेक्का व्यवस्थापन गर्दा बचेको रकमबाट पुनः स्वीकृति प्राप्त सिकोटवा मूल नहर देखी मालपारा सम्मको सडक मर्मतको सम्झौता असार मसान्त सम्म गर्नु पर्ने बाध्यात्मक व्यवस्थाले गर्दा उक्त योजना उपभोक्ता समिति संग सम्झौता गरी निर्माण कार्य अगाडि बढाउने निर्णय गरियो ।

१० तौलिहवा बजार क्षेत्र भित्र निर्माण हुदै गरेको हुलाकी सडकलाई निर्माण अवरोधमा सहजीकरण गर्न जमुवार पुल देखी नयां टोल हुदै भिक्षु चौकसम्मको सडक क्षेत्राअधिकार १५/१५ भित्रको घर टहरा हटाउंदा पूर्ण बिस्थापित परिवार (एक धुर वा सो भन्दाकम र नगर क्षेत्र भित्र अचल सम्पति नभएको) लाई नगरपालिका क्षेत्र भित्रै पांच धुर जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

११. यस नगरपालिकाबाट आ.व.२०७६/०७७ को लागि स्वीकृत योजनाहरुको ठेक्का पट्टा भई सम्झौता भएर कोभिड-१९ ले गर्दा नेपाल सरकारबाट भएको लकडाउन साथै स्थानीय प्रशासनबाट निषेधाज्ञा जारी भई निर्माण कार्य सुरु गर्न नसकेका तपसील बमोजिमका योजनाहरुको सम्झौता रद्द गरी आगामी आ.व. २०७७/०७८ मा पुनः ठेक्का गरी योजना संचालन गर्ने निर्णय गरियो ।

**तपसील-**

१. पकडी गाउंको अधुरो बाटो पी.सी.सी. निर्माण (रु.२५ लाख) र प्रसिया गाउंको अधुरो बाटो पी.सी.सीं निर्माण (रु.२५ लाख) पकडी प्रसियामा सडक निर्माण वडा नं.७
२. जुम्मन दर्जीको जग्गा देखी पक्की सडकसम्म पक्की ड्रेन निर्माण वडा नं.५
३. शिव मन्दिरको चारै तिरको बाटोमा र वरिपरिका बाटोहरुमा वडा नं. १ मा इन्टर लाकिङ्ग ब्लक ओछ्याने ।
४. सडक पी.सी.सी तथा बिस्तार (कारागार देखी डी.वी.चोक सम्म) वडा नं.३
५. वडा नं.७ कनकटवा, पश्चिम बर्गदवा हरिहरपुर सडक ढलान
६. बिकुली फेदराहट सडक निर्माण वडा नं.१०

१२. यस नगरपालिकाबाट आ.व.२०७६/०७७मा सम्झौता भई निर्माण कार्य शुरु गरिसकेका वा निर्माणाधीन तपसील बमोजिमका योजनाहरुको आवश्यक प्रक्रिया पूरा गरी सम्झौता सम्पन्न हुने मिति बाटै लागु हुने गरी म्याद थप गरी आवश्यक बजेट ब्यवस्थापन गरी निर्माण कार्य अगाडि बढाउने निर्णय गरियो ।

**तपसील-**

१. रामापुर (राम सुभग यादवको घर देखी उतर पुर्व चार नम्बर जीतपुर जाने मेन रोड सम्म र बांडे यादवको घर देखी सुधिर मिश्रको घर सम्म सडक निर्माण
२. बर्दहवा प्रवेशद्धार देखी पुर्व लमतिया महुवरिया हुँदै नेपाल बिद्धुत प्राधिकरणको हुलाकी बाटो सम्म वडा नं. २
३. सानो बर्गदवा महिता सुखरामपुर सडक वडा नं.३
४. पुर्व दोहनी देखी भगवानपुर सम्म वडा नं.८
५. हुलाकी देखी उतर वीरपुर हुंदै मालपारा सम्म वडा नं.४
६. पिपरहवा विठुवा सडक वडा नं.१२
७. गोटिहवा सिपुरा सडक वडा नं.५

१३. वडा नं.२ मा निर्माणाधीन बर्दहवा प्रवेशद्धार देखी पुर्व लमतिया महुवरिया हुंदै नेपाल बिद्धुत प्राधिकरणको हुलाकी बाटो सम्म सडक निर्माण अर्न्तगत बर्दहवा गाउं मा भएको परानो डिजाइन परिमार्जन भएकोमा प्राविधिकबाट पेश भएको नया डिजाइन स्वीकृत गरियो साथै सोही बमोजिम निर्माण कार्य अगाडि बढाउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

१४. स्थानीय तहहरुले आफनो दररेट बनाई लागु गर्न सकिने प्रावधान स्थानीय सरकार संचालन ऐनमा भएकोमा यस नगरपालिकाको र जिल्ला दररेट निर्धारण समितिले जारी गर्ने दररेटको बजार केन्द्र एउटै पर्न गई यस स्थानीय तहबाट दररेट जारी गर्दा दोहोरापन पर्न जाने भएकोले आ.व.२०७७/०७८ को लागि दररेट निर्धारण समितिबाट जारी हुने दररेटलाई यस नगरपालिकाको दररेट कायम गर्ने निर्णय गरियो ।

१५. यस नगरपालिकाबाट आ.व.०७६/०७७ मा ठेक्का ब्यवस्थापनको प्रकियामा रहेको तपसील बमोजिमको योजनाहरुको ठेक्का ब्यवस्थापन प्रकिया रद्द गरी आ.व. २०७७।०७८ मा पुनः ठेक्का गरी योजना संचालन गर्ने निर्णय गरियो ।

**तपसिल-**

१. जहदी बनगाई रोड उतर देखी वाणगंगा न.पा. सीमना जोडने सडक (स्थानीय पुर्वाधार साझेदारी कार्यक्रम)
२. वी.पी.स्मृति भवन निर्माण दर्जीको जग्गा देखी पक्की सडकसम्म पक्की ड्रेन निर्माण वडा नं. ३ (४ वटाको पालिकाको अनुदान)
३. जस्ता पाता खरीद (प्रदेश विशेष अनुदानतर्फ)

१६. कपिलवस्तु नगरपालिका वडा नं. १२ मा रहेको सौराहा स्वास्थ्य चौकीको आफ्नै कार्यालय भवन नभएकोले हालसम्म वडा कार्यालयको भवनमा संचालन हुँदै आएकोमा मिति २०७६/१०/१७ गतेको वडा समितिको बैठकबाट वडाको सिमानामा रहेको क.व.न.पा. ४ मा पर्ने साबिक पिपरी ६ ख कि.नं. ७३१ क्षे.फ.०–१८–५ जग्गामा निर्माण गर्न उपयुक्त देखिएकोले ४ नं. वडा कार्यालय संग सहमतिलिई स्वास्थ्य सेवा विभाग संग समन्वय गरि सौराहा स्वास्थ्य चौकीको आफ्नै भवन निर्माणको लागी माग गर्न सर्व सहमतिबाट निर्णय भै आएको हुदा सोही बमोजिम सौराहा स्वास्थ्य चौकीको आफ्नै भवन निर्माणको लागी सम्बन्धित निकायमा अनुरोध गर्न आगामी नगर सभामा पेस गर्ने निर्णय गरियो ।

१७. सातौ नगर सभाबाट निर्णय भएका योजना तथा कार्यक्रमहरु आ.व. २०७७।०७८ को पहिलो चौमासिक अर्थात २०७७ कार्तिक मसान्त भित्र सम्पूर्ण योजनाहरुको सम्झौता गरि सक्ने निर्णय गरियो ।

१८. कपिलवस्तु नगरपालिकाको सातौँ नगर सभाको पहिलो बैठकले सातौ नगर सभाको दोस्रो बैठक मिति २०७७ असार २६ गते विहानको १० बजे बस्ने भनि तोकिएकोमा विशेष कारणबस सातौँ नगरसभाको दोस्रो बैठक मिति २०७७ असार २६ गते दिनको १२ बजे बस्ने निर्णय गरियो ।

१९. कपिलवस्तु नगरपालिकाका सामाजिक विकास सल्लाहकार श्री सुरेन्द्र राज लम्साल र शिक्षा सल्लाहकार श्री कनकमान श्रेष्ठ ज्यूलाई इन्धन तथा सञ्चार खर्च बापत मासिक रु. ५०००।- (पाँच हजार) प्रति व्यक्ति २०७७ श्रावण १ गते देखि लागु हुने गरि उपलब्ध गराउन सातौँ नगरसभामा पेश गर्ने निर्णय गरियो ।

२०. कपिलवस्तु नगरपालिकाको योजना शाखामा सि.डि.ई. पदको आवश्यकता नभएकोले सो पदको सट्टा अधिकृत स्तर छैठौँ तहको सिभिल ईञ्जिनियर पद कायम गरि समर्थनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखि पठाउन सातौँ नगर सभामा पेश गर्ने निर्णय गरियो ।

२१. यस नगरपालिकाबाट चालु आ.व. २०७६/०७७ मा भएका ठेक्का कार्यहरुमा माछा पोखरी, हाटबजार र सटर भाडामा सम्बन्धित व्यक्ति र फर्महरुले कोरोना भाईरस कोभिड-१९ का कारण आफ्नो व्यबसायमा असर पर्न गएको भनि ठेक्का भाडा रकम छूटको लागि निवेदन पेश गरेका हुँदा निजहरुको सम्बन्धमा भाडा/ठेक्का रकम छूटको सम्बन्धमा प्रदेश सरकार, मुख्य मन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, ५ नं. प्रदेश मा रायको लागि पठाउने निर्णय गरियो ।

२२. जिल्ला प्रहरी कार्यालय कपिलवस्तुको निर्माण तथा मर्मत कार्यको लागि रु. ६ लाख उपलब्ध गराउने निर्णय गरियो ।